# मिति २०७५/०५/२४ गते बसेको सिद्ध कुमाख गाउँ कार्यपालिकाको बैठकका निर्णयहरू

बैठक संख्याः ०७५/७६–४

**निर्णय नं १**

१५ औं निजामती सेवा दिवसको उपलक्ष्यमा सिद्ध कुमाख गाउँपालिकामा कार्यरत निजामती कर्मचारीहरु(स्थायी तथा करार) मध्ये ५ नं वडा कार्यालयका कार्यालय सहयोगी श्री तिलाराम खड्का र २ नं वडा कार्यालयका वडा सचिव श्री कृष्ण बहादुर चलाउनेलाई सिद्ध कुमाख गाउँपालिकाको सर्वोकृष्ट कर्मचारी र ३९ औं राष्ट्रिय शिक्षा दिवस तथा अन्तराष्ट्रिय साक्षरता दिवसको उपलक्ष्यमा यस गाउँपालिकाका सामुदायिक विद्यालयमा कार्यरत शिक्षक मध्ये श्री निराजन मा वि ढोरचौरका प्रधान अध्यापक श्री धर्मराज घर्तीलाई सर्वोकृष्ट शिक्षकको रुपमा जनही नगद रु ६,६६६।-(छ हजार छ सय छैसठ्ठी मात्र) र प्रमाण पत्र प्रदान गरि सिद्ध कुमाख गाउँ कार्यपालिकाको कार्यालयले पुरस्कृत गरेकोमा उक्त कार्यलाई सर्वसम्मतिले अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं २**

सल्यान जिल्ला बागचौर नगरपालिका ४ स्थित राम बहादुर कामीको २ तले कच्ची घर मिति २०७५।०५।१२ गतेको बर्षातको कारण भत्किदा घरधनी राम बहादुर कामी, निजकी श्रीमती रामकली कामी, छोरीहरु गंगा वि.क., प्रमिला वि.क. र छोरा रुपलाल बि.क. को दुखद निधन भएकोमा गाउँपालिका परियार दुख ब्यक्त गर्दछ र उक्त घटनामा बाच्च सफल निज मृतका छोरीहरु कमला वि.क. सुनिता वि.क. र पुतला कामीलाई राहत स्वरुप एकमुष्ट रु ३०,०००।-(तिस हजार मात्र) उद्दार राहत तथा पुनर्स्थापना खर्च शिर्षकबाट प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।

त्यसैगरि २०७५।०५।१७ गते बागचौर नगरपालिका १२ ओख्रेनी मुलखोलामा अविरल बर्षाको कारण आएको पहिरोले स्थानीय बालाराम डाँगीको घर पहिरोले भत्किदा निजका छोरीहरु ललिता डाँगी, मेनका डाँगी र छोरा ललित डाँगी सहित ३ जनाको दुखद निधन भएकोमा गाउँपालिका परिवार गहिरो दुख ब्यक्त गर्दछ र उक्त घटनाका पिडित परिवारलाई राहत स्वरुप रु १०,०००।-(दस हजार मात्र) उद्दार राहत तथा पुनर्स्थापना खर्च शिर्षकबाट प्रदान गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं ३**

सिद्ध कुमाख गाउँपालिकाका वडा नं ३ स्थित सर्वब्यापी यूवा क्लबलाई विभिन्न कार्यक्रम बापत रु ५०,०००।-(पचास हजार मात्र) र वडा नं २ स्थित त्रिवेणी युवा क्लब विभिन्न बापत रु १५,०००।-(पन्ध्र हजार मात्र) आर्थिक सहयोग अन्य सहायता शिर्षकबाट प्रदान गर्ने सर्वसम्मतिले निर्णय गरियो।

**निर्णय नं ४**

सिद्ध कुमाख गाउँपालिकाको सामुदायिक विद्यालयको खस्कदो शैक्षिक गुणस्तरलाई सुधार गर्न तथा समग्र शैक्षिक सुधारको लागि सुझाव दिन वडा नं २ का वडा अध्यक्ष श्री रुद्र बहादुर बुढाथोकीको संयोजकत्वमा तपसिलका सदस्यहरु रहेको सिद्ध कुमाख गाउँपालिका शैक्षिक सुधार सुझाव कार्यदल गठन गर्ने सर्वसम्मतिले निर्णय गरियो। उक्त कार्यदलले गाउँ कार्यपालिकाको कार्यालयले दिएको टि ओ आर (TOR) अनुसार रहेर एक महिना भित्र आफ्नो प्रतिवेदन पेश गर्नुपर्नेछ।

<u>तपसिल</u>

| | |
|---|---|
| श्री रुद्र बहादुर बुढाथोकी | संयोजक |
| श्री धर्मराज धर्ती | सदस्य |
| श्री पुर्ण बहादुर थापा | सदस्य |
| श्री भोग बहादुर के सी | सदस्य |
| श्री लैन बहादुर बुढाथोकी | सदस्य |
| श्री मेघराज गौतम | सदस्य सचिव |

**निर्णय नं ५**

सिद्ध कुमाख गाउँपालिकाको आ.व. २०७५।७६ स्विकृत कार्यक्रम अन्तर्गत पुजिगतको सवारी साधान शिर्षकमा विनियोजन बजेटबाट एउटा गाडी र एउटा एम्बुलेन्स खरिद गर्ने र एम्बुलेन्स खरिदमा नेपाल सरकारबाट भन्सार छुटको लागि आवश्यक प्रकृया तत्काल अधि बढाउने सर्वसम्मतिले निर्णय गरियो।

**निर्णय नं ६**

सिद्ध कुमाख गाउँ कार्यपालिकाको मिति २०७५।०४।०४ बैठकबाट स्वीकृत स्थानीय दररेट संशोधन गर्दै अदक्ष कुल्ली र जमामीको दैनिक ज्याला रु ६०० कायम गर्ने सर्वसम्मतिले निर्णय गरियो।

**निर्णय नं ७**

सिद्ध कुमाख गाउँपालिकाको सरकारी कारोबारको खाता नेपाल बैंक लिमिटेड सल्यानबाट संचालन रहेकोमा श्री लक्ष्मी बैंक लिमिटेड, ढोरचौर शाखा सल्यानले यस गाउँपालिकाका ग समुहका सरकारी खाता संचलानको लागि नेपाल राष्ट्र बैंकबाट अनुमति प्राप्त गरिसकेकोले अव उपरान्त सिद्ध कुमाख गाउँपालिकाको ग समुह अन्तर्गतका सरकारी खाताहरू ग४.१ संचित कोष खाता, ग२.१ चालु खर्च खाता, ग२.२ पुजीगत खर्च खाता, ग३ धरौटी खाता, ग५ कर्मचारी कल्याण कोष खाता, र ग५ मर्मत सम्भार कोष खाता लगायत सम्पूर्ण खाता श्री लक्ष्मी बैंक लिमिटेड, ढोरचौर शाखा सल्यानमा संचालन गर्ने सर्वसम्मत निर्णय गरियो।